# बेलका नगरपालिकाको

# आ.ब.२०८१/०८२ को

# नीति तथा कार्यक्रम

**सोह्रौं नगर सभा**

२०८२/०३/९ गते

स्थानः नगरसभा हल

## १. क्षेत्रगत एवंम् विषयगत नितीहरुः

### १.१ आर्थिक बिकास

### क. कृषि, पशु पंक्षि तथा मत्स्य सम्बन्धि नीति

- ❖ कृषिको व्यवसायीकरण, आधुनिकीकरण तथा प्रविधिकरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
- ❖ सहकारी, कृषि समुह तथा महिला समूह मार्फत कृषि तथा पशुपालन लगायतका ब्यवसायिक फर्म स्थापनाका लागि सहज वातावरण बनाईनेछ ।
- ❖ भौगोलिक संभाव्यताको आधारमा नगरपालिका भित्रका कृषि जन्य वस्तुहरुको उत्पादन तथा प्रशोधन अभिवृद्धि, सित भण्डार गृह निर्माण, संचालन तथा ब्यबस्थापन एवम् कृषि वजार व्यवस्थापनलाई व्यवस्थित गरि उत्पादित वस्तुहरुको वजारिकरणमा सहजीकरण गरिनेछ।
- ❖ कृषि व्यवसायलाई आधुनिकरण गर्दै भरपर्दो वनाउन आगामी वर्षवाट कृषक परिचय पत्र वितरण, कृषि विमा एवम शुलभ कृषि कर्जामा कृषकको पँहुच वढाउन पहल गरिनेछ ।
- ❖ उपभोक्ताको हित र विकासको लागि कृषि उपजको मूल्य निर्धारणमा शुक्ष्म अध्ययन गरि विचौलियालाई निरुत्साहित गर्दै उचित मुल्यमा तरकारीको विक्रि वितरणको ब्यबस्था गरिनेछ।
- ❖ आवश्यक स्थान र संख्यामा कृषि उपज संकलन केन्द्र निर्माणको नीति लिइनेछ ।
- ❖ कृषि योग्य जमिन र कृषिमा संलग्न जनसंख्याको सहभागिताको आधारमा कृषि तथा पशु पंक्षि पालनको एकीकृत विकासको लागि सघन कृषि विकास क्षेत्र निर्धारण गरिनेछ ।
- ❖ कृषि तथा पशु पालनलाई कृषि उपजको आयात प्रतिस्थापनको नीति मार्फत व्यवसायिक वनाउन आधुनिक प्रविधिको व्यवस्थापन गरि शिक्षित युवालाई अभिप्रेरित गरिनेछ ।
- ❖ तरकारी तथा फलफूल खेतिमा रासायनिक मलको प्रयोगलाई निरुत्साहित गर्दै प्राङ्गारिक मलको प्रयोग मार्फत आर्गानिक उत्पादनमा जोड दिइनेछ ।
- ❖ मुल्य श्रीखंलाको आधारमा कृषि उपजको मुल्य निर्धारण गर्ने वातावरण तयार गरिनेछ।
- ❖ सघन कृषि क्षेत्र घोषणा गरि सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि उपज संकलन केन्द्र, सित भण्डार तथा अन्य आवश्यक पूर्वाधारहरु निर्माण, सञ्चालन तथा ब्यबस्थापन गरिनेछ ।
- ❖ पशु जन्य बस्तुहरुको उत्पादनको मापदण्ड पालन गर्न, वजार अनुगमनलाई प्रभावकारी बनाउन, मासु पसल तथा बधसालाहरुको स्तर उन्नतीमा सहयोग गर्न तथा पशु स्वास्थ्य सुधारका कार्यक्रम संचालन गर्न नीतिगत रुपमा आवस्यक योजना बनाइनेछ ।

- ❖ रैथाने जातका बालिहरुको विउ संरक्षणका लागि बिउ बैंकको स्थापना गरिनेछ ।
- ❖ संभाव्यताको आधारमा पर्यटकीय गन्तव्यका स्थानहरुमा वातावरण मैत्री कृषि व्यवसायको स्थापना गराइ कृषि पर्यटनको व्यवसायमा सहयोग पुर्याइनेछ ।
- ❖ कृषि उपजको प्रसोधन, ग्रेडिङ्ग, लेवलीङ्ग, प्याकेजिङ्ग, व्रान्डीङ्ग गरि मुल्य श्रीखंलाका आधारमा वजारिकरणको लागि नीति निर्माण तथा पूर्वाधारको विकास गरिनेछ ।
- ❖ भूमिहिन किसानहरुलाइ सार्वजनिक तथा नीजि जग्गा लिजमा लिइ सामुहिक कृषि तथा पशुपालन व्यवसाय मार्फत आत्मनिर्भर बनाउने योजना निर्माण गरिनेछ ।
- ❖ कृषकहरुलाइ उत्पादन र उत्पादकत्व वृद्धि गर्नका लागि कृषि यन्त्रहरुको सरल र सहज रुपमा बितरणको ब्यबस्था गराइनेछ।
- ❖ जंगली जनावरवाट पिडित किसानहरुको समस्या समाधानको लागि आवश्यक योजना तथा कार्यक्रम लागू गरिनेछ ।
- ❖ कृषि औद्योगिकीकरणको योजना निर्माणको आधार तयार गरिनेछ ।
- ❖ नदि उकास जमिनहरुमा माटोको संभाव्यता अध्ययन गरि उपयुक्त कृषी उपज उत्पादन मुलक कार्यक्रम लागू गरिनेछ ।
- ❖ कृषी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नका लागि कृषि तथा पशु प्राविधिकको सेवालाई प्रभावकारी रुपमा किसान सम्म पुर्याइनेछ साथै पशु उपचार प्रयोगशालाको प्रबन्ध सहित सहुलियत दरमा उपलब्ध गरिनेछ।
- ❖ भूमिगत सिंचाई ,खोला तथा नदी सिंचाईहरुको स्तरउन्नती, सौर्य सिंचाई लगायत थप आवश्यक सम्भाव्यताको अध्ययन गरि सिचाई सुविधाको प्रवन्ध मिलाइनेछ ।
- ❖ नगरका प्रमुख कृषि जन्य उत्पादनहरु वृद्धि गर्न बहुबाली विकास जोन कार्यक्रमहरु संचालन गरिनेछ।
- ❖ सहकारीतामुलक तथा सामुदायिक खेति प्रणालीलाई प्रोत्साहन गरिनेछ ।
- ❖ कृषि वजार सम्मको पहुच मार्ग सुधार गरिनेछ ।
- ❖ जनस्वास्थ्यमा असर कम गर्न नगरमा रहेका कुकुरहरुलाई रेबिज बिरुद्धको खोप लगाउने ब्यबस्था गरिनेछ ।
- ❖ पशु जन्य बस्तुको निर्यात प्रवर्द्धन गर्नको लागि संघ तथा प्रदेश सरकारको संक्रामक रोग उन्मुलन गर्ने लक्ष्यलाई प्रवर्द्धन गर्न नगरपालिका भरि पशु पंक्षिमा खोप कार्य सञ्चालन गरिनेछ ।
- ❖ कृषि उत्पादन तथा व्यवसायिक ज्ञान अभिवृद्धिका लागि कृषक पाठशाला संचालन गरिनेछ।

- ❖ समावेशी कृषि पद्धतिका लागि हिंसा पिडित, एकल महिला, दलित महिला तथा पिछडिएको वर्ग लक्षित कृषि तथा पशु सेवा कार्यक्रम संचालन गरिनेछ।
- ❖ कृषि उत्पादकत्व बढाउन माटो परिक्षणको साथै मत्स्य प्रयोगशाला कार्यक्रमको व्यवस्थापन गरिनेछ।
- ❖ बेलका नगरपालिका वडा नं.६ मा उत्पादन हुने कोदो र केराको रक्सिलाई ब्रान्डिङ गरी बजारिकरण गर्ने नीति अवलम्बन गरिनेछ।
- ❖ एक वडा एक उत्पादन कार्यक्रम संचालन गरिनेछ।

**ख. सहकारी प्रवर्द्धन तथा उद्यम विकास सम्बन्धी नीतिः**

- ❖ नगरपालिकामा उपलब्ध स्रोत साधनको अधिकतम परिचालन गरि विभिन्न स्थानीय पहिचानका वस्तु उत्पादन गर्ने बाताबरण मिलाइनेछ ।
- ❖ स्थानीय कच्चा पर्दाथबाट वस्तु तथा स्थानीय आवश्यकता परिपुर्ति गर्ने वस्तु निर्माण तथा प्रयोगको व्यबस्था मिलाउन स्थानीय उद्यम प्रवर्द्धन गरिनेछ।उत्पादित वस्तुहरुको बजारिकरण र निर्यातको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
- ❖ स्थानीय स्तरमा लघु उद्यम प्रवर्द्धनको व्यवस्था मिलाइनेछ । सन्चालनमा रहेका उद्यमहरुको प्रभावकारिताका आधारमा क्षमता विकास तथा अनुदानको व्यवस्था मिलाइनेछ ।
- ❖ युवा स्वरोजगारको लागि उद्यमशिलता तथा सीपमूलक तालिमको व्यवस्था गरी व्यवसाय संन्चालनलाई व्यवस्थित गरिनेछ ।
- ❖ विभिन्न वस्तुहरुको उत्पादन वृद्धि गरी व्यवसायिक बनाउन पकेट क्षेत्र निर्धारण गरी सीप तथा प्रविधिको व्यवस्था मिलाउदै बजारिकरण गरिनेछ ।
- ❖ स्थानीय सरकार र बेलकाबासीको संयुत्त लगानीमा 3P(Public,Private,Partnership) मोडल अन्तर्गत रोजगारमूलक उद्योग सञ्चालनको सम्भाव्यता अध्ययन गरी नयाँ उद्योगहरु स्थापना गर्न सम्बन्धित निकायहरुसँग समन्वय तथा सहकार्य गरिनेछ ।
- ❖ क्रमागत रुपमा एक वडा एक उद्यम व्यवस्थापनको कार्यक्रम वनाई लागू गरिनेछ ।
- ❖ युवा उधमशिलता विकास कार्यक्रम मार्फत युवालाई विदेश होइन बिजिनेश भन्ने भावाना विकासका लागि स्वरोजगार उन्मुख तुल्याइनेछ ।युवाहरुलाई स्वरोजगारका क्षेत्रमा अभिप्रेरित गरि सामाजिक तथा उद्यमशिलता क्षेत्रमा उत्कृष्ठ कार्य गर्ने युवालाई नगर आर्दश पुरस्कारद्वारा सम्मान गर्ने व्यवस्था मिलाईनेछ ।
- ❖ सरकारी तथा गैह्र सरकारी संस्थाहरुको समन्वय तथा सहकार्यमा युवा लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ विपन्न गरिब तथा सुकुम्बासी परिवारको युवाहरुलाई सीपमूलक व्यवसायिक तालिम प्रदान गरि स्वरोजगार बनाउन बिशेष योजना बनाइ लागू गरिनेछ ।

- निजि क्षेत्रबाट सन्चालन गरिने उद्योग कल कारखानाका लागि प्रोत्साहन स्वरुप आर्थिक तथा प्राविधिक सहयोग प्रदान गरिनेछ ।
- सहकारितालाई लोकतान्त्रिक अभ्यास ,आर्थिक समुन्नति र गरिवी निवारणको अभिन्न अङ्गको रुपमा विकास गरिनेछ ।
- कृषि सहकारीमा जोड दिइ कृषि, पशुपालन तथा पर्यटन प्रबर्द्धनमा जोड दिन आवश्यक व्यवस्था मिलाईनेछ ।
- सहकारीताको अबधारणा मार्फत सबै आर्थिक क्षेत्रमा लगानी गरी उत्पादन, आम्दानी तथा रोजगारी सिर्जना गरिनेछ ।
- निजि सार्वजानिक अबधारणामा सहकारीलाई संलग्न गरी कृषि उपज तथा पशुधनको थोक बजारका लागि आवश्यक पूर्वाधार निर्माण गरी सञ्चालन गरिनेछ ।
- सहकारी सञ्चालन तथा व्यवस्थापनलाई प्रभाबकारी बनाउन कोपोमिसको प्रयोगमा जोड दिइनेछ ।
- सहकारी संस्थाहरुको एकिकरण, नियमन, प्रवर्द्धन र प्रशिक्षणका लागि वजेटको सुनिश्चितता गर्दै एक वडा एक बिषयगत सहकारीको अवधारणा लागू गरिनेछ ।
- नियामक निकायलाई नियमित रुपमा प्रतिवेदन सम्प्रेषण गर्ने विषयगत सहकारी संस्थाहरुलाई प्रवर्द्धनमा सहयोग वा पुरस्कृत गर्दै लगिनेछ।
- चलायमान नरहेका र वित्तीय विवरण पेश नगरेका सहकारीहरुको नियमन मार्फत नियमानुसार दर्ता खारेजी गर्दै लगिने व्यवस्था मिलाईनेछ ।
- सहकारीका सदस्यहरुमा वित्तीय साक्षरता र सिप विकास तालिम मार्फत दिगो विकासमा टेवा पुर्याउने व्यवस्था मिलाईनेछ ।
- उद्योग व्यवसाय दर्ता, नविकरण, ठाउसारी, नामसारी लगायतका प्रशासनिक प्रक्रियालाई प्रभावकारी बनाउदै सरलीकरण गरिनेछ र उक्त कार्यका लागि कार्यविधिको निर्माण गरिनेछ ।
- औद्योगिक प्रदर्शन स्थलको निर्माण कार्य र औद्योगिक ग्रामको व्यवस्थापनलाई संघको सहकार्यमा अगाडी बढाईनेछ।
- बेलका नगरपालिकामा स्थापना भएका उद्योग तथा व्यवसायहरुको नविकरण/अध्यावधिक नभएको अवस्थामा आंशिक छुटका लागि राजश्व नीतिमा सुधार गरि आंशिक छुटको व्यवस्था मिलाईनेछ ।

### ग. पर्यटन प्रवर्द्धन तथा विकास कार्यक्रम तर्फका नीतिः

- अन्तर नगर सम्बन्धलाई विकास र विस्तार गर्दै सम्बन्ध सुदृढ गर्न भगिनि सम्बन्धलाई विस्तार गरिनेछ ।
- धार्मिक पर्यटकीय क्षेत्रको बृहत्तर विकासका लागि स्थान सहित गुरुयोजना तयार गरी कार्यान्वयन गर्दै लगिनेछ ।
- नगरले पहिचान गरेका वनभोज स्थलहरूको संरक्षण र सम्बर्द्धन गरिनेछ ।

- नगरपालिकाले बेलका नगर क्षेत्रभित्र पहिचान गरेका र पहिचान हुन योग्य पर्यटकीय गन्तव्य स्थल सम्म जाने सडक निर्माण तथा स्तरोन्नति गरिनेछ ।
- बेलका नगरपालिकामा स्थापना केन्द्र बेलका राजारानी, सुनखानी वेलका- ३ को इतिहास उजागर गर्नुका साथै भौतिक विज्ञान पर्यटनलाई आकर्षक गन्तव्य बनाइनेछ ।
- महाकाली भैश्वरी देवी मन्दिर परिसरमा नगरपालिकाले तयार पारेको गुरुयोजना अनुसार निर्माणका लागि योजना व्यवस्थापन गरिनेछ ।
- भूतिया दह बेलका नगरपालिका वडा नं.-५ लाई आकर्षक पर्यटकीय गन्तव्य स्थलको रुपमा स्थापित गरिनेछ ।
- स्थानीय भाषा, कला, संस्कृति, धर्म आदिको संरक्षण तथा सम्बर्द्धनलाई प्राथमिकता दिइनेछ ।
- सप्तकोशी क्षेत्र-भोजपुर-कोशीपुल हुँदै कोशीटप्पु वन्यजन्तु आरक्ष क्षेत्रसम्मलाई प्रमुख पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न बराहक्षेत्र नगरपालिका सुनसरीसँग सहकार्य गरिनेछ ।
- ओझेलमा परेका ऐतिहासिक धरोहरहरूको संरक्षण, सम्वर्द्धन तथा प्रचार प्रसार गरिनेछ ।
- बेलका नगरपालिका वडा नं. ६,७ र ८ मा किराँत आस्था केन्द्रको विकासलाई निरन्तरता दिइनेछ।
- सप्तकोशीमा जलयात्रालाई सहजीकरण गर्न आवश्यक पहल गरिनेछ ।
- बेलका नगर भित्रका धार्मिक स्थलहरू तथा पर्यटकीय स्थलहरूको प्रवर्द्धनका लागि नगर कार्यपालिकाका सदस्यहरूले घुम्ती बैठक बसी प्रचार प्रसार कार्यलाई जोड दिइनेछ ।
- हाल सम्भाव्यता अध्ययन भइरहेको साहसिक खेल प्याराग्लाइडिङ सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
- पर्यटन विकासका लागि पर्यटन महोत्सव सञ्चालन गरिनेछ ।
- आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनका लागि होमस्टे प्रोत्साहनका कार्यक्रमहरू ल्याइनेछ ।
- कोशीटप्पु क्षेत्रमा आवश्यक पूर्वाधार विकास गरी पर्यटकीय हबका रूपमा विकास गर्ने रणनीतिक योजना कार्यान्वयन प्रक्रिया अगाडि बढाइनेछ ।
- पर्यटन प्रवर्द्धन माध्यमबाट स्थानीय नागरिकको जनस्तर उकास्न बेलका बृहत् गृहनिर्माण निर्माण गरी गुरुयोजनाको आधारमा बेलका पर्यटन पूर्वाधार विस्तार तथा पर्यटन विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- नगरभित्रका पर्यटकीय स्थलहरू जोड्न सडक सञ्जाल विस्तार गरिनेछ।
- नगरभित्रका विभिन्न धार्मिक पर्यटन, कृषि पर्यटन, खेल पर्यटन, पर्यावरण पर्यटन लगायतका विविन्न सम्भावना बोकेका स्थलहरूको संरक्षण, प्रवर्द्धन र प्रचार प्रसार गरिनेछ।
- विभिन्न जातजातीका परम्परागत पर्व, संस्कृति, संस्कारको प्रवर्द्धन गरिनेछ।
- नगर प्रवेशद्वारहरूमा पर्यटकीय क्षेत्रको परिचय सहितको आकर्षक Digital Display राखिनेछ।
- नगरक्षेत्र प्रवेश रहेको राजमार्गमा स्वागतम् तथा शुभकामना सहितको प्रवेशद्वारको स्थापना गर्ने कार्यमा वजेटको सुनिश्चितता गरिनेछ ।

- जङ्गल सफारीका लागि आवश्यक पूर्वाधारको सम्भाब्यता अध्ययन गरी आवश्यक कार्य गरिनेछ ।
- बेलका-१ को बेलका वाटिका, भवरीदेवी मन्दिरको संरक्षण तथा प्रवर्द्धन गर्दै पर्यटकीय हवको रुपमा विकास गरिनेछ ।
- शिक्षा शाखाको समन्वयमा बेलका नगरपालिकाको विद्यालयहरुमा Science पार्कको निर्माण गरि पर्यटन प्रवर्द्धन गर्न विशेष कार्यक्रमको तर्जुमा गरि लागू गर्न प्रयत्न गरिनेछ ।
- ओझेलमा रहेका बेलका नगरभित्रका पर्यटन क्षेत्रहरुको पहिचान गरि तीनको संरक्षण तथा प्रवर्द्धन गर्न पर्यटन विकास समितिको समन्वय वैठक वस्ने व्यवस्था मिलाईनेछ ।
- बेलका नगरपालिका-५ मा अवस्थित सुख्खा पोखरीलाई व्यवस्थित गरि पर्यटन प्रवर्द्धनका लागि विशेष योजना वनाई कार्यन्वयन गर्दै लगिनेछ ।
- योगेश्वर धाम बेलका-३ लाई धार्मिक एवम् पर्यटकीय क्षेत्रका रुपमा विकास गर्न गुरु योजना तयार गरि आवश्यक क्रियाकलापहरु सञ्चालन गरिनेछ ।
- बेलका नगरपालिका वडा नं.९ मा स्थापना भएको चिडियाखानालाई स्तरउन्नति गरि सञ्चालन तथा व्यबस्थापन गरिनेछ ।
- रामपुर बजारमा भएको बरपिपल चौतारालाई संरक्षण र व्यबस्थापन गरिनेछ।
- साकेला थान क्षेत्र भित्र हनुमानको र विश्वकर्माको मूर्ती बनाउने नीति लिईनेछ।

## १.२. सामाजिक बिकास

### क. शिक्षा विकास तथा खेलकुद प्रवर्द्धन सम्बन्धि नीतिः

- वेलका नगरको मौजुदा शिक्षा नीति तथा वेलका नगर शिक्षा ऐन चालु आ.ब.मा आवाश्यक संसोधन गरिनेछ ।
- विद्यालयहरुलाई नगर शिक्षक व्यवस्थापनका लागि प्रदान गरिदै आएको शिक्षक सहायता अनुदानलाई निरन्तरता दिईनेछ ।
- गुणस्तरीय विद्यालय शिक्षाको अवसरको सुनुश्चितताको लागि गैर सरकारी संस्था र सरकारी निकायहरु वीच आपसि समन्वय र सहकार्यलाई निरन्तरता दिइनेछ ।
- शिक्षण सिकाई कार्यलाई प्रभावकारी बनाई अपेक्षित उपलव्धि स्तर सुधारका लागि क्रमशः "**पाठयोजना साथमा शैक्षिक सामाग्री हातमा** " कार्यक्रम लागु गरिनेछ ।
- कार्य सम्पादन सुचकको आधारमा सामुदायिक विद्यालय प्रोत्साहन कार्यक्रम लागु गरिनेछ ।
- गुणस्तरीय विद्यालय शिक्षाका लागि समुदाय परिचालन तथा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

- बेलका नगरपालिकाको शैक्षिक धरोहर गहनाको रुपमा नविन शैक्षिक कार्यक्रम विस्तार सहित बेलका क्यापम्स सञ्चालनका लागि पहल गरिनेछ ।
- शैक्षिक गुणस्तर सुधार गर्न शिक्षक तथा कर्मचारीको लागि पेशागत दक्षता विकास तालिम सञ्चालन गरिनेछ ।
- उच्च सिकाई र न्यून सिकाई उपलव्धी हासिल गर्ने बिद्यालय ( सामुदायिक र संस्थागत) विच सहकार्य कार्यक्रमको शुरुवात गरिनेछ ।
- स्थानीय प्राविधिक विषय ( कृषि,पशु, र पर्यटन ) मा आधारीत शैक्षिक कार्यक्रम कक्षा (९-१०) थालनि गर्न संघ, प्रदेशमा आवश्यक सहयोगका लागि अनुरोध गरिनेछ ।
- विद्यालय बाहिर रहेका तथा विचैमा कक्षा छाड्ने विद्यार्थीहरुलाइ विद्यालय शिक्षा पुरा गर्न प्रेरित गरिनेछ ।
- विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, स्वास्थ्य तथा सरसफाइको सुविधा आधारभूत खानेपानी सुविधाको विकास गर्न आवश्यक पहल गरिनेछ ।
- संस्थागत विद्यालहरुको शुल्क निर्धारण गरी कार्यान्वयन गर्दै लगिनेछ र संस्थागत विद्यालयको छात्रवृत्ती वितरणलाइ कार्यविधि बनाइ एकरुपता ल्यानेछ ।
- विद्यालयहरुमा बालमैत्री, अपांगमैत्री र छात्राहरुको लागि छुट्टा छुट्टै शौचालय, शुद्ध पिउने पानी, पुस्तकालय, विज्ञान प्रयोगशाला र कम्प्युटर प्रयोगशालाको व्यवस्थाको निरन्तरता गरिनेछ ।
- माध्यमिक तहमा (११-१२) मा विज्ञान विषयको पठनपाठनलाई निरन्तरता दिईनेछ र विज्ञान प्रतिको रुचीलाइ बढावा दिन नगर स्तरीय विज्ञान प्रदर्शनी कार्यक्रम सञ्चालन गरिनेछ र विद्यालयमा विज्ञान पार्क निर्माणको कार्य सुरु गरिनेछ ।
- प्राविधिक धारतर्फ उच्च शिक्षामा अध्ययनरत विपन्न लक्षित छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- सामुदायिक विद्यालयका कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुको लागि कोचिङ कक्षा सञ्चालन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- **एक पालिका, एक नमूना विद्यालय** कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- **एक वडा एक नमूना बाल बिकास केन्द्र** कार्यक्रमलाई सुरुवात गरिनेछ ।
- बालबालिकासँग जनप्रतिनिधि कार्यक्रमलाइ निरन्तरता दिईनेछ ।
- अन्तर विद्यालय अन्तरपालिका अध्ययन अवलोकन भ्रमण कार्यक्रमको थालनी गरिनेछ ।

- सामुदायिक तथा संस्थागत विद्यालयहरुको नियमित अनुगमन, सुपरीवेक्षण र नियमनलाई प्राथमिकता दिइनेछ ।
- शैक्षिक गुणस्तर अभिबृद्धिका लागि शैक्षिक सम्मेलन र श्रोत प्रबर्दन कार्यक्रम सञ्चालन गरिनेछ।
- कक्षा १ देखि ३ सम्म स्थानीय पाठ्यक्रम अनुरुप सन्दर्भ सामग्री तयार गरिनेछ ।
- विद्यालय स्तरमा स्काउटिङ शिक्षा, जुनियर रेडक्रश सर्कल, वालक्लव गठन र परिचालन कार्यक्रमहरु सञ्चालन गरि बालबालिकाहरुलाई सामाजिक कार्यमा सरिक हुने अवसर सुनिश्चित गरिनेछ ।
- न्यून वेतन, बाल कक्षा शिक्षक तथा विद्यालय कर्माचारीहरुका लागि प्रोत्साहन सहयोग कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- शैक्षिक सुशासन तथा वित्तीय अनुशासनका लागि संस्थागत क्षमता र सक्षमता विकासमा प्राथमिकता दिईनेछ ।
- नगरपालिका स्तरिय खेलकुद एकडेमि सञ्चालनलाइ निरन्तरता दिइनेछ ।
- बालबालिकाको मानसिक तथा बौद्धिक स्तर बृद्धि गर्न तहगत रुपमा हाजिरीजवाफ, बक्तृत्वकला, बादविवाद, चित्रलेखन, निवन्ध लेखन, हिसाब दौड जस्ता नगर स्तरीय कार्यक्रम सञ्चालन गरि बालबालिकाको प्रतिभालाइ प्रष्फुटन गरिनेछ ।
- बेलका नगरपालिका स्तरीय मेयर,उपमेयर/वडा अध्यक्ष कप खेलकुद प्रतियोगिताको माध्यमबाट विद्यालयमा विविध प्रकारका खेलकुद कार्यक्रमको सञ्चालन गरि विद्यार्थीहरुको शारिरिक, मानसिक, सामाजिक विकासमा जोड दिइनेछ ।
- सदा, मरिक, मुसहर लगायत लोपोन्मुख जातिहरुका बालबालिकाहरुलाई विशेष कक्षा सञ्चालनलाई निरन्तरता दिईनेछ ।
- सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात र विषयगत दरबन्दी समेतका आधारमा शिक्षकहरुको आन्तरिक दरवन्दी मिलान गर्दै लगिनेछ ।
- बालबालिकाको साहित्य प्रतिको अभिरुचीलाइ बृद्धि गर्न बाल साहित्य महोत्सब आयोजना गरि बालबालिकाको साहित्य अनुराग र साहित्य पठन संस्कृतीको विकास गरिनेछ ।
- बालबालिकाको देश र जगतको ज्ञान अभिवृद्धि गर्न र संसदीय अभ्यासप्रति सचेत गराउन विद्यालयबाट अभ्यास गरि विद्यार्थी छनोट गरि नमूना **बाल संसद कार्यक्रम** सञ्चालन गरिनेछ ।

- विभिन्न सरकारी तथा गैह्र सरकारी संघ संस्था तथा निकायबाट विद्यालयको भौतिक संरचना निर्माण तथा शिक्षण सिकाइ उपलब्धी बृद्धिका लागि प्राप्त हुन आवस्यक पर्ने न्यूनतम लागत साझेदारीलाइ स्वीकार गरि नगरपालिकाकाबाट लागत साझेदारी गर्ने नीति अख्तियार गरिनेछ।

ख. **स्वास्थ्य विकास सम्बन्धि नीतिः**

**"समृद्ध बेलकाको आधार, स्वास्थ्य सेवामा पहुँच सवैको अधिकार"**

- बेलका नगरपालिकाको प्रत्येक वडाहरुमा रहेको स्वास्थ्य चौकि, आधारभूत स्वास्थ्य सेवा केन्द्र र शहरी स्वास्थ्य केन्द्रहरुमा महिनाको दुई पटक MBBS चिकित्सकबाट गर्भवती, सुत्केरी, जेष्ठ नागरीक, मधुमेहका बिरामी, उच्च रक्तचापका बिरामीहरुलाई आवश्यक औषधी सहित निःशुल्क उपचारको ब्यवस्था गरिनेछ।
- कोभिड १९, ईन्फ्लुन्जा, झाडापखाला, हैजा, डेंगु लगायत अन्य प्रकोप जन्य सरुवा रोगहरुबाट बच्न र बचाउनका लागि प्रतिरोधात्मक, उपचारात्मक, निदानात्मक सेवा लगायत नागरिक सचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ।
- बेलका नगर अस्पतालमा दुई वटा चिकित्सक बाट २४ सै घन्टा चिकित्सकको उपस्थितीमा स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक ब्यवस्था गरिनेछ।
- बेलका नगर अस्पताल, बर्थिङ्ग सेन्टर र तपेश्वरी स्वास्थ्य चौकि बर्थिङ्ग सेन्टरमा दक्ष प्रसुतीकर्मीबाट सुरक्षित प्रसुती सेवाका लागि नगर क्षेत्र भित्रका गर्भवती महिलाहरुलाई एम्वुलेन्स सेवा निःशुल्क अगामि बर्षमा पनि निरन्तरता दिईनेछ।
- नगरपालिका क्षेत्र भित्र रहेका गर्भवती महिलाहरुले प्रोटोकल अनुसार अनिवार्य रुपमा आठ पटक गर्भ जाँच गराई बेलका नगर अस्पताल बर्थिङ्ग सेन्टर र स्वास्थ्य चौकि तपेश्वरी बर्थिङ्ग सेन्टरमा प्रसुती गराएमा नगर बाट रु.१५०० देखि २५०० बरावरको पौष्टिक आहार वितरण कार्यलाई आवश्यक पहल गरिनेछ।
- नगर क्षेत्र भित्रका अति बिपन्न तथा अन्य नागरिकहरु लाई निःशुल्क शव वाहनको ब्यवस्था गरिएकोमा निरन्तरता दिइनेछ।
- सवै वडाका स्वास्थ्य संस्थाहरुबाट गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्नका लागि आवश्यक न्यूनतम मापदण्ड सेवा (MSS)अनुसार औषधी तथा उपकरणको ब्यवस्था र स्वास्थ्यकर्मिहरुको क्षमता अभिवृद्धि गर्दै नागरिकको पहुँचमा सहजता ल्याईनेछ।
- बेलका नगर अस्पताललाई पोषण मैत्री, बाल मैत्री र अपाङ्ग मैत्री स्वास्थ्य संस्थाको रुपमा निरन्तरता दिईनेछ।

- ❖ कुपोषित बाल बालिकाको स्थानिय स्तरमै उपचारका लागि बेलका नगर अस्पतालमा रहेको OTC center र स्वास्थ्य चौकि तपेश्वरिमा रहेको OTC center लाई व्यवस्थित गर्दै कुपोषित बच्चाहरुको उपचारमा सहजता ल्याउन पोष्टर, पम्प्लेट र व्यानर सहितको प्रचार प्रसारको ब्यवस्था गर्दै निरन्तरता दिईनेछ। ।
- ❖ बेलका नगरपालिकाको सवै वडाहरु भित्र क्रमशः१ देखि ९ सम्ममा रहेको ६ महिना देखि ५९ महिना सम्मको बच्चाहरुको पोषण स्थितिको जाँच (Height, Weight, Edema & MUAC) जाँच गरी पोषण अवस्था पत्ता लगाउने र कडा शिघ्र कुपोषण भेटिएमा नजिकको OTC center मा रेफर गर्ने र मध्यम शिघ्र कुपोषण भेटिएमा MWI को कार्यक्रम प्रोटोकल अनुसार स्वास्थ्य सेवा प्रदान गरिनेछ।
  - ❖ नगर क्षेत्र भित्रका सवै नागरिकहरुलाई स्वास्थ्य विमा गर्न प्रोत्साहित गर्नुका साथै स्वास्थ्य विमा कार्यलाई प्रभावकारी रुपमा संचालन गर्दै प्रत्येक वडामा बिमा अभियान कार्यक्रम संचालन गरिनेछ। साथै वडा नं.१ देखि ९ सम्मका बिमा अभिकर्तालाई नगर श्रोतबाट निःशुल्क बिमा गरिनेछ ।
  - ❖ प्रत्येक वडाबाट १० जनाका दरले अति बिपन्न, गरिव र असहाय घर परीवारलाई वडाको सिफारीसमा नगर श्रोतबाट निःशुल्क बिमाका लागि पहल गरिनेछ।
  - ❖ नगरपालिका भित्र स्वास्थ्य विमा संयोजन समितीको सचिवालय गठन गरी आवश्यक वजेट सहित संचालनमा ल्याईनेछ।
  - ❖ स्वास्थ्य चौकि मैनामैनीमा बर्थिङ्ग सेन्टरको स्थापना गरी मातृ मृत्यु र बाल मृत्यु घटाउनुको साथै निदानात्मक सेवाका लागि प्रयोगशालाको स्थापना गरिनेछ।
  - ❖ नगर स्तरिय आयुर्वेद औषधालयमा थप सेवाहरु बिस्तार गरी अयुर्वेद चिकित्सालाई प्रोत्साहन गर्दै नागरिक आरोग्य केन्द्रलाई ब्यवस्थित गरिनेछ।
  - ❖ **अस्मिता राई सर्पदंश** उपचार केन्द्र, तपेश्वरी सामुदायिक **सर्पदंश** उपचार केन्द्र र **आँखा उपचार केन्द्र** रामपुरबाट थप गुणस्तरिय सेवा प्रदान गरिनुको साथै ज्येष्ठ नागरिकका लागि सहज उपचारको ब्यवस्था गरिनेछ।
  - ❖ महिलाहरुमा हुने बच्चादानीको क्यानसरबाट बचाउनका लागि निः शुल्क घुम्ती स्वास्थ्य शिविर ( VIA Camp) को संचालन ब्यवस्थापन गरिनेछ।
  - ❖ नगर भित्रका अस्पताल तथा स्वास्थ्य संस्थाहरुलाई प्रविधि मैत्री बनाईनेछ।
  - ❖ स्वास्थ्य संस्थाहरुलाई समावेशी, बाल मैत्री तथा अपाङ्ग मैत्री बनाईनेछ।
  - ❖ ४० बर्ष माथिका प्रत्येक नागरिकलाई बर्षमा एक पटक नजिकको स्वास्थ्य संस्थाबाट चिनी रोग र उच्च रक्तचाप रोग निःशुल्क जाँचका लागि प्रोत्साहन गरिनेछ।
  - ❖ किशोर किशोरी मैत्री स्वास्थ्य सेवा र कार्यक्रम संचालन गरिनेछ।

- नेपाल सरकारको रणनिती अनुसार सन २०५० सम्ममा पालिकालाई **क्षयरोग मुक्त क्षेत्र** घोषणा गर्नका लागि स्क्रिनिङ्ग कार्यक्रमहरु संचालन गरी क्षयरोग प्रभावित व्यक्तिहरुको खोजी गरी उपचार गरिनेछ।
- कुष्ठरोग नियन्त्रन तथा पहिचानका लागि स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिनेछ।
- नगर क्षेत्र भित्र १० शैयाको आधारभूत अस्पतालको जग्गा प्राप्ति भएको हुँदा बजेट सुनिश्चितता गरि भौतिक संरचना  निर्माण गरिनेछ साथै उक्त अस्पताल सञ्चालनको लागि किताबखानामा स्वीकृत दर्बन्दी अनुरुप कर्मचारी माग गर्ने पहल गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुबाट नेपाल सरकारले तोके बमोजिम औषधीहरु निःशुल्क वितरण गर्नुका साथै ज्येष्ठ नागरिकहरुलाई उच्च रक्तचाप, मधुमेह लगायतका रोगहरुको जाँचको लागि प्रोत्साहन गरिनेछ।
- पोषणयुक्त खाद्य पदार्थको उत्पादनमा जोड दिदै गर्भवती तथा सुत्केरी महिलाहरुलाई पोषण करेसावारीको महत्व सम्वन्धी स्वास्थ्य शिक्षा प्रदान गरिनेछ।
- समाजिक ब्यवहार परिवर्तनका लागी जनचेतना मुलक अन्तर्क्रिया कार्यक्रम संचालन गरिनेछ।
- बेलका नगर अस्पताल र स्वास्थ्य चौकि तपेश्वरी, स्वास्थ्य चौकि मैनामैनी र आधारभूत स्वास्थ्य सेवा केन्द्र वडा नं.२ भागलपुरमा निःशुल्क गर्भपतन सेवा संचालन हुँदै आईरहेकोमा यसलाई थप ब्यवस्थित गरि निरन्तरता दिईनेछ।
- पूर्ण खोप सुनिश्चितका लागि नियमित गाँउघर क्लिनिक, खोप क्लिनिक, आमा समुहको बैठक,ग.म.स.(गर्भवती महिला समुह बैठक) तथा आमा सुरक्षा कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- मानसिक रोग स्वास्थ्य परिक्षण सेवालाई बिस्तार गर्दै निःशुल्क औषधी वितरण कार्यलाई निरन्तरता दिईनेछ।
- जंगली जनावर र भुस्याहा कुकुरको टोकाईबाट हुने रेविज विरुद्धको खोप (रेविज भ्याक्सिन) कार्यलाई निरन्तरता दिदै थप सेवा विस्तार गरिनेछ।
- महिला स्वास्थ्य स्वयं सेविकाहरुको क्षमता अभिवृद्धि गर्न तालिमको ब्यवस्था गरी प्रोत्साहन कार्यलाई निरन्तरता दिईनेछ।
- स्वास्थ्य चौकि तपेश्वरी र बबला स्वास्थ्य चौकिको भवन निर्माणको लागि संघिय सरकारमा पहल गरिने छ।
- बेलका नगरपालिका वडा नं.१ र २ को पायक पर्ने ठाँउमा रहेको तपेश्वरी स्वास्थ्य चौकिलाई स्तर्रोन्नोती गरी नगर अस्पतालको रुपमा संचालन गर्न पहल गरिनेछ।
- उत्कृष्ट काम गर्ने स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थालाई पुरष्कृत गरिनेछ।

- यस बेलका नगरपालिकाको वडा नं.२,३,४,५ र ८ मा संचालित आधारभुत स्वास्थ्य सेवा केन्द्रहरुलाई राष्ट्रिय किताबखानामा सूचीकृत गर्न पहल गरिनेछ। साथै दरवन्दि अनुसारको कर्मचारी ब्यवस्थापन गर्न पहल गरिनेछ।

- नगर क्षेत्र भित्रका विभिन्न वडाहरुमा संचालित गाँउघर क्लिनिक तथा खोप क्लिनिक ब्यवस्थित गर्न शौचालय सहितको २ कोठे भवन निर्माण गर्न वडा, समुदाय स्तरबाट लागत साझेदारीमा भवन निर्माण गर्न वजेट ब्यवस्थाका लागि पहल गरिनेछ।
- बेलका नगर क्षेत्र भित्र संचालनमा रहेका प्राईभेट अस्पताल, नर्सिङ्ग होम, पोलि क्लिनिक, प्राथमिक उपचार क्लिनिक र औषधी पसलहरुलाई अनुगमन गरी सूचिकृत गर्न दर्ताको प्रकृयामा ल्याईनेछ।
- परिवार नियोजन सेवा कार्यक्रमको प्रगती बढाउन निजि क्षेत्रका क्लिनिकहरुबाट प्रदान गरिएका सेवा लाई स्थानीय स्वास्थ्य संस्था मार्फत प्रतिवेदन गर्न समन्वय र सहकार्य गरिनेछ।
- स्थानीय स्वास्थ्य सेवा लाई ब्यवस्थित गर्न संघीय सरकारले बनाएको स्वास्थ्य ऐन, नियम, कानुन, मापदण्ड, नियमावली तथा निर्देशिका स्थानिय तहमा मिल्ने गरी निर्माण कार्य गर्न पहल गरिनेछ ।

- मृगौला प्रत्यारोपन गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीहरुलाई औषधी उपचार वापत खर्च उपलव्ध गराउने सम्वन्धी कार्य विधि २०७८, लाई तत्काल स्थानीय कार्य विधि बनाई कोष खडा गर्न पहल गरिनेछ।
- महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई स्वास्थ्य विमा गर्न ५० प्रतिशत रकम पालिकाबाट ब्यवस्था गरिनेछ।
- गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य चौकिहरुमा थप औजार उपकरणहरुको ब्यवस्था गरिनेछ।
- स्वास्थ्य सेवालाई प्रवर्धन गर्न स्वास्थ्य क्षेत्रमा काम गर्ने साझेदार संस्थाहरुसंग सहकार्य गरिनेछ।

- स्थानीय स्तरमा उपलव्ध हुने जडिवुटि खेतीलाई प्रोत्साहन गर्दै आयुर्वेद चिकित्सा/बैकल्पिक चिकित्सा पद्धतीलाई प्रवर्धन गरिनेछ।
- नसर्ने रोग र मानशिक रोग न्यूनिकरण गर्नका लागि सचेतना मुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

- खोप कार्यक्रमको सुक्ष्म योजनालाई हरेक बर्ष निरन्तरता दिदै सव सेन्टरलाई ब्यवस्थित गर्दै पूर्ण खोप वडा र पालिका घोषणा कार्यलाई निरन्तरता दिईनेछ।

- गर्भवती महिलाहरुलाई प्रोटोकल अनुसार आठ पटक गर्भजाँच र बेलका नगर अस्पताल बर्थिङ्ग सेन्टर र तपेश्वरी स्वास्थ्य चौकि बर्थिङ्ग सेन्टरमा प्रसुति गराउनका लागि प्रोत्साहन गरिनेछ। साथै हरेक पटकको गर्भ जाँचमा आयोडिन नुनको उपलव्धता र महत्ववारे परामर्श

दिइनेछ।

- ❖ हरेक स्वास्थ्य संस्थामा स्वास्थ्य शिक्षा कर्नर स्थापना गरिनेछ र स्वास्थ्य शिक्षा सामग्रीबाट जनचेतना विस्तार गरिनेछ।
- ❖ **आमा सुरक्षा कार्यक्रम** अन्तर्गत यातायात खर्चलाई नियमित बनाइनेछ।
- ❖ स्वास्थ्य संस्थामा प्रसुती कार्यलाई प्रोत्साहन गर्दै घरमा हुने प्रसुतीलाई न्यूनिकरण गरिनेछ।
- ❖ हरेक गर्भवती महिलालाइ HIV-Test गर्ने र प्रसुती भएको ४५ दिन भित्र भिटामिन ए को एक मात्रा अनिवार्य दिन प्रोत्साहन गरिनेछ।
- ❖ ६० बर्ष पुगेका महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई विदाइ गरी नयाँ भर्ना प्रकृयालाई मापदण्ड अनुसार व्यवस्तित गरिनेछ।
- ❖ मानव रोगसँग सम्वन्धित रोगहरुको मनोसामाजिक उपचारका लागि धामी, झाक्रि तथा झारफुके बैद्यहरुसँग अन्तरक्रिया कार्यक्रम गरिनेछ।
- ❖ बेलका नगरपालिका वडा नं.४ मा सञ्चालनमा रहेको नगर स्तरिय आयुर्वेद औषधालयको भवन निर्माणका लागि आवश्यक पहल गरिनेछ।
- ❖ स्वास्थ्य संस्थाको वरपरी सुर्ती जन्य पदार्थ बेच विखन तथा प्रयोगमा कडाई गरिनुका साथै स्वास्थ्य संस्थाको २०० मिटर वरिपरी सम्म बिक्रि वितरण तथा प्रयोगमा कडाई गरिनुको साथै धुम्रपान गरेको खण्डमा रु.१००० जरिवाना गरिनेछ।
- ❖ बेलका नगर अस्पतालमा भिडियो एक्सरे मेसिनको व्यबस्थापन गरि नियमित रुपमा भिडियो एक्सरे सेवा सञ्चालनको लागि पहल गरिनेछ ।
- ❖ बेलका नगर अस्पताल सञ्चालनको लागि व्यबस्थापन कोष खडा गरिनेछ।

**ग. महिला बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्याक्ति,लैङ्गिक तथा यौनिक अल्पसंख्यक,सामाजिक समावेशीकरण सम्बन्धी नीतिः**

**१.लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धि नीति:**

**"बेलका नगरको प्रतिवद्धताः लैङ्गिक हिंसा विरुद्ध शुन्य सहनशिलता"**

- ❖ महिलाहरुको संस्थागत सहभागिताको माध्यामबाट नेत्रीत्तव बिकास, सशक्तिकरण र मूलप्रबाहीकरणका लागि पालिका देखि वडा स्तरीय महिला अधिकार, समिति, गठन गरी परिचालन गरिनेछ ।
- ❖ महिलाहरुको सकृय र अर्थपूर्ण सहभागिताको लागि नेत्रृत्व बिकास, भाषण कला सम्बन्धि क्षमता बिकासको तालिम कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।
- ❖ महिलाहरुको १० बर्षे रणनितिक योजना, ५ बर्षे कार्ययोजना सहित नगर प्रोफाईल तयार गरिनेछ ।

- लैङ्गिक (महिला,पुरुष,यौनिक तथा अल्प संख्यक) हिंसामुक्त बेलका नगर भन्ने अभियान अघि बढाई हिंसा विरुद्ध शून्य सहनशिलताको नीति अवलम्वन गरिनेछ ।
- घरेलु हिंसा,लैङ्गिक हिंसा पिडितहरुको संरक्षण गर्दै पारिवारिक पुनर्स्थापना लागि आवश्यक कार्यक्रम संञ्चालन गरिनेछ ।
- लैङ्गिक हिंसा पिडित पुरुषहरुको पहिचान गरि सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- लैङ्गिक खण्डीकृत तथ्याक संकलन गरी पालिकाको लैङ्गिक खण्डीकृत तथ्यांक तथा पाश्वचित्र तयार तथा प्रकाशन गरिनेछ।
- आगामी आ.व.२०८२/८३ को बजेट तथा कार्यक्रम लैङ्गिक उत्तरदायी दृष्टिकोणले विनियोजन गरिनेछ।
- जेष्ठ नागरिकको हकहितलाई मध्यनजर गर्दै वडा देखि नगर स्तरिय ज्येष्ठ नागरिक संञ्जाल गठन गरिनेछ, भने ज्येष्ठ नागरिक परिचयपत्र वितरण कार्यलाई निरन्तरता गरिनेछ।
- महिला मैत्री ,वालमैत्री ,ज्येष्ठ नागरिक मैत्री तथा अपाङ्गता भएका व्याक्ति मैत्री, लैङ्गिक यौनिक अल्पसंख्यक मैत्री कार्यालय व्यवस्थापन तथा शौचालयहरु व्यवस्थापनका कार्यहरु गरिनेछ।
- अपाङ्गता भएका नागरिकहरुको पुनर्स्थापना र क्षमता विकासका लागी अपाङ्गता सिकाई केन्द्र, सिकाई चौतारीहरु निर्माण गरिनेछ ।
- प्रत्यक वडा तथा टोलविकासमा मानसिक स्वास्था र आत्मा हत्या रोकथाम सम्वन्धी सचेतना मुलक कार्यक्रम संचालन गरिने छ ।
- पालिकामा विनियोजित वजेट तथा कार्यक्रमहरु लैङगिक उत्तरदायी वजेट छ छैन भनि परिक्षण गर्ने व्यवस्था मिलाईने छ ।
- बेलका नगरपालिकाभित्र रहेका ज्येष्ठ नागरिक भेटघाट चौतारीहरुको लगत संकलन गर्ने,अवलोकन गरी स्तरउन्नति गरिनेछ।
- अतिविपन्न, गरिव, दलित, जनजाति तथा सिमान्तकृत समुदायको उत्थान तथा सशक्तिकरण गर्दै जिविकोपार्जनका लागि उधमशिलता विकास तालिम प्रदान गरि आर्थिक आत्मनिर्भरका लागि व्यवसाय अनुदान कार्यक्रम संचालन गरिनेछ।
- महिला,बालबालिका,लैङ्गिक अल्पसंख्यक,गरिवी न्यूनिकरण,अपाङ्गता भएका ब्याक्ति ज्येष्ठ नागरिकहरुको क्षेत्रमा काम गर्ने संघ संस्थाहरुलाई पालिकामा सूचीकृत गराउदै सामाजिक विकास सचेतना अभिवृद्धिका कार्यक्रममा सहकार्य गरि कार्यक्रम संचालन गरिनेछ।
- सामाजिक समावेशीकरण तथा लैङ्गिक विभेद,हिंसा,बालविवाह न्यूनिकरण,लागूपदार्थ दुर्वयसनी,छुवाछुत तथा जातिय विभेद,मानसिक समस्या न्यूनिकरणका लागि नीजि क्षेत्र गैर सरकारी संघ संस्थाहरुलाई परिचालन गर्ने नीति अवलम्वन गरिनेछ।
- अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमलाई निरन्तरता दिईनेछ।

## २.बालबालिका सम्बन्धि नीति

**नारा "हामी बालबालिका बनाउछौ समृद्ध पालिका"**

- बेलका नगरपालिकालाई वि.सं. २०८३ भाद्र २९ सम्ममा बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा गर्ने गरी कार्य प्रारम्भ गरिनेछ ।
- बेलका नगरपालिकामा बालसंरक्षण प्रणालीलाई व्यवस्थित र संस्थागत गर्दै बालबालिकाहरुको संरक्षणको सुनिश्चित गरिनेछ ।
- सबै प्रकारका बालबालिकाहरुलाई आफ्नो अभिव्यक्ती, विचार र भावनाहरुलाई व्यक्त गर्ने वातावरण श्रृजना गरी सहभागिताको अधिकारलाई परिवार देखी स्थानीय तह सम्म सुनिश्चित गरिनेछ ।
- नगरपालिकालाई बालश्रम तथा बालविवाहमुक्त नगरपालिकाको रुपमा सुनिश्चित गरिनेछ ।
- बेलका नगरपालिकाको बालअधिकार समिति तथा महिला बालबालिका शाखामा बालमैत्री अध्ययन केन्द्र स्थापना गरी बालअधिकारको स्रोत केन्द्रको रुपमा विकास गरिनेछ ।

### ३ लैङ्गिकतामा आधारीत हिंसा रोकथाम तथा प्रतिकार्य कार्यक्रम सम्बन्धि नीतिः

- मनोपरामर्श सेवा प्रवाह गरिनेछ ।
- टोलविकास तथा समुहहरुमा सचेतना कार्यक्रम सन्चालन गरिनेछ ।
- लैङ्गिक हिंसा न्युनिकरण सम्वन्धी सचेतनामुलक कार्यक्रम सन्चालन गरिनेछ ।
- स्कूल शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।
- निशुल्क मानसिक स्वास्थ्य बिमालाई नितन्तरता दिईनेछ ।
- लागुऔषध सम्बन्धी सचेतनामुलका कार्यक्रम निरन्तरता दिईनेछ।

## घ. सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धि नीतिः

- जेष्ठ नागरिक, महिला, बालबालिकाहरुको स्वास्थ्य सुधारका लागि विभिन्न शिविरको सञ्चालन गरिनेछ ।
- हिंसा प्रभावित महिला तथा किशोरिका लागि संचालित अल्पकालिन महिला सुरक्षा बासलाई स्तरोन्नति गरि नियमित रुपमा सेवा प्रदान गरिनेछ ।
- बालमैत्री, पोषण मैत्री, वातावरण मैत्री, अपाङ्गता मैत्री र महिला मैत्री नगर निर्माणका लागि विशेष कार्यक्रम सञ्चालन गरी बाल मैत्री र घरेलु हिंसामुक्त नगरपालिकाको निर्माण गरिनेछ।
- **NO HUNGER** अबधारणाको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

- ❖ हरेक टोल बिकास संस्थामा निगरानि समहुको गठन गरि सामाजिक कुरीति, कुसंस्कार, बालविवाह, बहुविबाह, घरेलु हिंसा विरुद्धको अभियान संचालन गर्ने नीति अबलम्बन गरिनेछ।
- ❖ टोल  बिकास संस्था क्षमता विकास गरि संस्थागत विकासमा जोड दिईनेछ ।
- ❖ टोल बिकास संस्थालाई नगरपालिका प्रति उत्तरदायी बनाई हरेक कृयाकलापमा साझेदारि गरिनेछ ।
- ❖ सुनौला १००० दिनका महिलाहरुको स्वास्थ्यलाई मध्यनजर गरी विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ सुत्केरी आमा भेटघाट कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ हरेक वडाको एक बस्तिलाई हरियाली रोडको बिकास गरि सुन्दर, स्वचछ हराभरा बस्ति बनाईनेछ ।
- ❖ आँखा उपचार केन्द्रको सेवालाई प्रभावकारी बनाईनेछ । उक्त सेवा समयानुकुल वस्तिस्तर र बिधालयमा समेत पु-याउने नीति लिईनेछ ।
- ❖ पोषण संवेदनशिलताको जिम्मेवारी, पोषणयुक्त नगरको तयारीको नीति लिईनेछ।
- ❖ स्वस्थ खानेपानि र सरसफाईमा समान पहुँच र सहभागीता नीति लिईनेछ।
- ❖ पोषणयुक्त पालिका निर्माणका लागि नगर स्तरिय प्रोफायल तयार गरि कुपोषणको अन्त्यका लागि बिशेष अभियान सञ्चालन गरिनेछ। यसका लागि गैर सरकारी संस्थाहरु र सरोकारवालाहरुको साझेदारीममा कार्यक्रम सञ्चालन गरिनेछ । साथै पोषणयुक्त पालिकाको रणनीति तयार गरिनेछ ।
- ❖ लोपोन्मुख, सिमान्तकृत(पहरी जाति) लगायत अन्य जातिहरुको भाषा, लिपि, संस्कार र भेषभुषा संरक्षणका लागि पहल गरिनेछ ।
- ❖ बिभिन्न जातिहरुको परम्परागत शैलिमा रहेका सामाग्रिहरुको संरक्षणका लागि संग्रालय निर्माणको अबधारणाको बिकास गरिनेछ ।
- ❖ सुरक्षित नागरिक आवास, खाद्यान्न तथा पोषण सम्बन्धी कार्यक्रम लागु गरिनेछ ।
- ❖ भूमिहीन, विपन्न, आर्थिक र सामाजिक रुपमा पछाडि परेका वर्ग तथा समुदायलाई लक्षित गरी सुरक्षित आवास र आय आर्जनका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- ❖ विपन्न, दलित, अपाङ्ग तथा एकल महिलाका लागि स्वास्थ्य तथा सुरक्षित आवास कार्यक्रम सञ्चालन गरिनेछ ।

- ❖ अति विपन्न, दीर्घरोगी, असहाय नागरिकका लागि आवश्यक खाद्यान्नको व्यवस्था मिलाइनेछ,
- ❖ खाद्यान्न बैङ्कको अवधारणा लागु गरी कार्यान्वयन गरिनेछ ।
- ❖ नागरिकलाई पोषण सुरक्षा सम्बन्धी कार्यक्रम लागु गरिनेछ ।
- ❖ खाद्यान्न उत्पादन वृद्धिका लागि योजना निर्माण गरी लागु गरिनेछ ।
- ❖ जँहा अभर त्याँहा नगर कार्यक्रम निरन्तरता दिईनेछ ।

### ङ. भाषा, कला, साहित्य संस्कृति सम्बन्धि नीतिः

***"मौलिक भाषा, कला, साहित्य, संस्कृति जगेर्ना गरौं***
***बेलकालाई पहिचान सहितको ऐतिहासिक नगर बनाऔं"***

- ❖ नगरपालिका क्षेत्रमा रहेका ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्वका मठ, मन्दिर, पदमार्ग, सम्पदाहरुको अभिलेख राखी संरक्षणको व्यवस्था मिलाईनेछ र प्रचार-प्रसारको कार्यक्रमलाई महत्वका साथ अगाडी बढाइनेछ ।
- ❖ विभिन्न साँस्कृतिक संग्राहलयको स्थापना तथा धार्मिक साँस्कृतिक सम्पदाहरुको संरक्षण तथा संवर्द्धन गरिनेछ।
- ❖ परम्परागत कला ,संस्कृती, भाषा तथा रितिरिवाज लाई संरक्षण संवर्द्धन तथा प्रोत्सहान गरिनेछ।
- ❖ पहाडी क्षेत्रमा हुने साकेला, चण्डी नाच, लाखे, हुर्रा, रोदी, मारुनी, भजन, किर्तन देखि लिएर तराई क्षेत्रमा हुने जितिया, माघी, समाचखेवा, होलि, सिरुवा लगायतका संस्कृतिक सम्पदाहरुको संरक्षण र प्रवर्द्धन गरीनेछ।
- ❖ विभिन्न धार्मिक तथा पर्यटकिय स्थलहरुको संरक्षण संम्वर्द्धन, स्तरोन्नती तथा प्रचार प्रसार गरिनेछ।
- ❖ साहित्यिक तथा वौद्धिक सम्मेलन तथा गोष्ठीहरु आयोजना गरिनेछ ।
- ❖ मौलिक कला संस्कृती तथा वाजाहरुको संरक्षण तथा प्रवर्द्धनको व्यवस्था मिलाइनेछ।
- ❖ नगर भित्र उपयुक्त स्थानहरुमा शव-दाहस्थल र मलामी विश्राम गृह निर्माणको व्यवस्था मिलाईनेछ।
- ❖ सबै जात जाति, भाषा, धर्म, समुदायको मूल्य मान्यता संस्कारको सम्मान गरी प्रर्वधनात्मक गतिविधि संचालन गरिनेछ ।

### च. राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण सम्बन्धि नीतिः

- ❖ राष्ट्रिय परिचयपत्रको दर्ता स्टेसन पालिकामा राखी पालिकाबाट नै दर्ताको फारम भर्ने कार्य अगाडि बढाईने तथा कार्ड बितरण कार्य सुरु गरिनेछ |
- ❖ ज्येष्ठ नागरिक, अशक्तका लागि राष्ट्रिय परिचयपत्रको वडागत शिविर संचालन गरिनेछ ।
- ❖ व्यक्तिगत घटना दर्ता पूर्णता मापन तथा घोषणा कार्यक्रम सञ्चालन गरिनेछ |
- ❖ घटना दर्ता सप्ताह (बैसाख १ गते देखि ७ गते सम्म) अभियान सञ्चालन गरिनेछ |

- प्रत्येक वडामा वडाले तोकेको स्थानमा बैक तथा शाखाको कर्मचारीहरुबाट सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई निरन्तरता दिईनेछ।
- अनलाईन घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धि क्षमता बिकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता सेवाग्राहीहरुको पहिचानका लागि विभागको निति अनुसार अनिवार्य वायोमेट्रिक डिभाईस मार्फत नविकरण गरिनेछ ।

## छ. श्रम रोजगार र मजदुर सम्बन्धि नीतिः

- बेलका नगरमा श्रमको सम्मान र मर्यादित श्रम सहितको श्रमिकको हक अधिकार सुनिश्चित गरिनेछ।
- नगरले संचालन गर्ने उद्यमी सृजना गर्ने कार्यक्रममा श्रम बजारको माग अनुसारको विशिष्टिकृत सिप युक्त जनशक्ति उत्पादन गर्ने नीति ल्याईनेछ ।
- सीप विकास तालिमलाई रोजगारी र उद्यमशीलतासँग आबद्ध गरिनेछ। बेरोजगार तथा बैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुलाई सीप विकास गरी सीप अनुसारको व्यवसाय संचालन गर्न र रोजागर सृजना गरी समाजमा उद्यमशीलताको विकास गरिनेछ ।
- बाल श्रम शोषण विरुद्ध कार्यक्रम संचालन गरिनेछ ।
- स्थानीय तहमा रोजगारी सृजना गरी युवा पलायनलाई न्यूनिकरण गर्ने कार्यक्रम ल्याईनेछ । नेपालको संविधान २०७२ मा रहेको मौलिक हक अन्तर्गत रोजगारीको हक सम्बन्धी ऐन नियमावली तथा निर्देशिका कार्यान्वयनमा बिशेष जोड दिइनेछ ।
- बेलका नगरपालिकाको **रोजगार रणनीति (आ.ब.२०८१/२०८२-२०८५/०८६) लाई** कार्यान्वयनमा ल्याईनेछ ।
- नगरपालिकाका विकास निर्माणका आयोजनाहरुमा नियमानुसार सूचिकृत भएका बेरोजगारहरुलाई काममा अनिवार्य लगाउनुपर्ने नीति अवलम्बन गरिनेछ ।
- संघीय सरकारबाट सूचिकृत बेरोजगारहरुलाई काममा लगाउन सशर्त अनुदानमा सहयोग पुग्ने गरी स्थानीय तहबाट निर्माण समाग्री खरिदको लागि व्यवस्था मिलाईनेछ ।
- एकिकृत रुपमा रोजगारमूलक र सीपमूलक तालिम संचालन गरी आन्तरिक रोजगारीको प्रवर्द्धन र बिस्तार गरिनेछ ।
- स्थानीय स्तरमा रोजगारी सृजनाका लागि नीजि, सरकारी र गैर सरकारी क्षेत्रसँग आवाश्यक समन्वय र सहकार्य गरी थप रोजगारी सिर्जना गरिनेछ ।
- बैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरुको व्यक्तिगत श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिको कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाईनेछ ।
- बैदेशिक रोजागर बोर्डबाट प्रदान गर्ने कल्याणकारी सेवाहरु र कामदारका घर परिवारका सदस्यहरुलाई प्रदान गरिने सेवाहरु बैदिशिक रोजगार बोर्ड र बैदेशिक रोजागार विभागसँग समन्वय गरी व्यवस्थित बनाईनेछ।

- ❖ बैदेशिक रोजगारी सन्तती छात्रवृति कार्यक्रमलाई अझ व्यवस्थित गरिनेछ ।
- ❖ बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको सामाजिक र आर्थिक पुनःएकिकरण सम्बन्धी कृयाकलापहरु बैदिशिक रोजगार बोर्ड र बैदेशिक रोजागार विभागसँग समन्वय गरी संचालन गरिनेछ।
- ❖ औपचारिक तथा अनौपचारिक क्षेत्रमा रहेका श्रमिकहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्व गर्दै सामाजिक सुरक्षा सुनिश्चितता सहितको पेन्सनेवल समाजको निर्माण गर्ने, स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रहरुको सुदृढीकरण र प्रविधिको अधिकतम प्रयोग गरी रोजगारदाता र श्रमिकका लागि साझा सूचना केन्द्रको रुपमा विकास गर्ने लगायत राष्ट्रीय श्रम तथा रोजगार सम्मेलन,२०८१ को घोषणापत्रमा उल्लिखित क्रियाकलापहरु कार्यान्वयन गर्न स्थानीय तहले भूमिका निर्वाह गर्नुपर्ने नीति लिईनेछ ।

## ज. भूमि व्यबस्थापन तथा भू-उपयोग क्षेत्र वर्गिकरण सम्बन्धि नीतिः

- ❖ निर्माण भएको भू-उपयोग योजना र नीति बमोजिम जमिनको उपयोगितालाई यथोचित कार्यान्वयण गरिनेछ।जग्गाको क्षेत्र वर्गीकरण मापदण्डलाई भौगोलिक सूचना प्रणाली (GIS)मा अध्यावधिक गरिनेछ।
- ❖ नगरको क्षेत्राधिकार भित्र रहेको ऐलानी पर्ती जग्गाहरुको संरक्षण गरी अतिक्रमण गर्ने कार्यलाई रोकिनेछ।
- ❖ भूमि समस्या समाधान आयोगसँगको सहकार्यमा यस नगरपालिकामा साविकदेखि बसोबास हुँदै आएको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासी नागरिकको भूमिको स्वामित्व स्थापित गर्न जग्गा धनी प्रमाण-पूर्जा वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- ❖ बाँकि रहेको वडा नं. ६ र ७ मा आवादिमा परिणत भइ व्यक्तिले लामो समयअघि देखी भोगचलन भइ आएको ऐलानी, पर्ति जग्गाहरु नापी लगत लिइ कार्य सम्पन्न गरिनेछ।
- ❖ पहिलो चरणमा यस नगरपालिका भित्रका भूमिहीन दलित र भूमिहीन सुकुम्बासीहरुलाई जग्गा धनी प्रमाण-पूर्जा दिइनेछ।
- ❖ सार्वजनिक जग्गा संरक्षणका लागि आवश्यक नीति निर्माण गरी कार्यान्वयन गरिनेछ।
- ❖ बेलका नगरभित्रका जोखिमयुक्त र सुरक्षित ठाउँको पहिचान तथा नक्साङ्कन गरी विपद् जोखिम न्यूनीकरणको पूर्व तयारी गरिनेछ।
- ❖ बेलका नगरपालिकाको भूमि सम्बन्धी नीतिको अधिनमा रहेर उपलब्ध भूमिको सदुपयोग गर्दै एकिकृत वस्ती, खेल परिसर, आवास, शहरीकरण, पूर्वाधार विकास योजना तयार गरिनेछ।
- ❖ जमिनको लगत विद्युतीय प्रणालीमा राखेर भूमि व्यवस्थापनलाई पारदर्शी वनाइनेछ।
- ❖ ऐलानी, पर्ती, सार्वजनिक, संघिखर्क, चरण,नदी उकास जमिन खोज गरी संरक्षण गरिनेछ।

- बाझो जग्गा उपयोगका लागि नीतिगत व्यवस्थापन गरिनेछ।
- एक पटकको लागि नापि लगत भएको जग्गाको नक्शा अध्यावधिक गरी कार्यान्वयन गर्नका लागि पहल गरिनेछ।

## १.३ पूर्वाधार बिकास

**क. भौतिक पूर्वाधार सम्बन्धि नीतिः**

- नगरका गौरबका आयोजनाहरू पहिचान गरी प्राथमिकताका आधारमा सञ्चालन गरिनेछ ।
- विकासका आयोजनाहरू सञ्चालन तथा निर्माण गर्दा सरकारी, सार्वजनिक तथा सहकारी साझेदारी नीतिलाई कार्यान्वयन गरिनेछ ।
- नगरपालिका तथा वडा कार्यालयहरुको भवनबाट हुने सेवा प्रवाहलाई प्राभावकारी बनाउन भवन निर्माण तथा स्त्तरोन्नती गरिने नीति अवलम्बन गरिनेछ।
- अन्तर जिल्ला प्रदेश जोड्ने सडकहरु आम्बासि-भागालपुर-रामपुर सडक, सोम्बारे-मायूङटार-भोजपुर सडक, लालबजार-घारेघाट, वुद्वचोक ठोक्शिला-बराहक्षेत्र, सुनसरी जोड्ने सडक स्तरोन्नत्तिको लागि संघ र प्रदेशमा बजेट व्यबस्थापनको लागि पहल गरिनेछ।
- नडाह —रुपनगर सडक निर्माणको क्रममा भएको प्राविधिक त्रुटीका कारण हुने डुबान तथा वर्षायाममा हुने आवागमनमा हुने गरेको अवरोधलाई हटाउनका लागि कज वे भएका ठाउँमा पुल र ह्युम पाइपको ठाउँमा स्लाव कल्भर्ट निर्माणका लागि सडक विभाग, प्रदेश सरकार तथा संघीय सरकारसँग पहल गरिनेछ । सडकको स्तरोन्नति र चौडाई वृद्धि गर्न सम्बन्धित नियकायसँग समन्वय र सहकार्य गरिनेछ ।
- आवश्यकता तथा प्राथमिकताका आधारमा कल्भर्ट, झोलुङ्गे पुल, बेली ब्रिजको निर्माण गरी सहज आवागमनको व्यवस्था मिलाइनेछ ।
- सबै वडामा वर्षैंभरी सहज सवारी आवागमन हुने सडक पुर्‍याई वस्तु ढुवानी लागत न्यूनीकरण गरिनेछ ।
- फुसका छाना विस्थापित गरी सुरक्षित आवास कार्यक्रम सञ्चालन गरिनेछ ।
- सहज सवारी आवागमन तथा सडक संरक्षणका लागि एजिङ्ग वाल तथा ढल निकासको व्यवस्था गरिनेछ ।
- स्थानीय सडक निर्माण विस्तार तथा स्तरोन्नति मापदण्ड अनुसार गर्ने व्यवस्था मिलाइनेछ ।
- बेलका बसपार्क निर्माणका लागि सम्भाव्यता अध्ययन गरी कार्यक्रम कार्यान्वयन प्रक्रिया अगाडि बढाइनेछ ।

- ❖ सबै वडा कार्यालय जोड्ने सडक कालोपत्रे गर्नका लागि आवश्यक पहल गरी योजना अगाडि बढाइने छ ।
- ❖ हाल सञ्चालनमा रहेका सडक/बाटोहरू जग्गाधनीबाट लगत कट्टा गरी नक्साङ्कन गर्न प्राथमिकता दिईनेछ ।
- ❖ नयाँ ट्रयाक खोलिएका सडक तथा ग्रामिण ग्राभेल सडकहरूमा पक्की नाली तथा ढल निकासको व्यवस्थापन गर्ने कार्यलाई अगाडि बढाइनेछ ।
- ❖ नगर स्तरीय सहिद भवन निर्माणका लागि आवश्यक कार्य गरिनेछ ।
- ❖ बेलका चक्रपथ निर्माणको सम्भाव्यता अध्ययन गरी सो चक्रपथसँग हरेक वडासँग जोड्ने नगर Road Link को निर्माण अवधारणा कार्यान्वयन गरिनेछ ।
- ❖ बेलका -३, सातपत्रे रातापानी जोड्ने गिँदिरी खोलाको निर्माणाधीन पक्की पुल निर्माण सम्पन्न गराउन सम्बन्धित सबै निकायमा पहल गरी निर्माण कार्य अगाडि बढाइनेछ ।
- ❖ बेलका नगरपालिका भित्र जातीय परम्परा बमोजिम अन्तिम संस्कार गर्ने स्थलहरू निर्माण गर्दै लगिनेछ ।
- ❖ बेलका नगरपालिकाको नगर गौरबको योजनाको रुपमा रहेको, नेपाल सरकार र भारत सरकार बिच भएको द्विपक्षीय सम्झौता बमोजिम मित्र राष्ट्र भारतको वित्तिय सहयोगमा सञ्चालित उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना (High Impact Community Development Projects HICDPs) अन्तर्गत कार्यान्वयन हुने यस नगरपालिका वडा नं.३ स्थीत श्री कोशी जनता माध्यमिक विद्यालय, रामपुर बेलका वडा नं.३ को भवन निर्माणको लागि सम्पुर्ण कागजात( soil test,IEE,DPR) तयार पारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय भारतिय दुताबास समक्ष पेश भएको साथै उक्त परियोजना कार्यान्वयनका लागि नियमानुसार नगरपालिकाले व्यहोर्नु पर्ने १०% लागत साझेदारी रकम सुनिश्चितता गर्ने नीति अवलम्बन गरिनेछ।
- ❖ निर्माण कार्य सुरु भई सम्पन्न हुन बाकी अधुरो आयोजनाहरुलाई प्राथमिकतामा राखी निर्माण सम्पन्न गरिनेछ।
- ❖ पूर्वाधार बिकासमा स्थानीय सरकार र सरोकारवालाहरु बिच ६०/४० को लागत साझेदारीको अवधारणा अनुसार योजना कार्यक्रमहरु सञ्चालन गरिने नीति अवलम्बन गरिनेछ।
- ❖ सबै वडा कार्यालयहरुबाट नगर स्तरीय योजना छनौट गरि १५,००,०००/- भन्दा माथि बजेट व्यवस्था गरिने नीति अवलम्बन गरिनेछ।

- ❖ बेलका नगरपालिकाको मुटु रामपुरमा रहेको मुख्य हाट बजार, रामपुर बजारलाई नगरपालिकाको स्वामित्वमा रहेको जग्गामा व्यबस्थापन गर्ने नीति अवलम्बन गरिनेछ।
- ❖ बेलका नगरपालाको वडा नं. १,२,३,४,५,६,७,८ र ९ मा एकिकृत सहरी बिकास आयोजना सञ्चालन गर्न सम्बन्धित निकाय, मन्त्रालयमा पहल गरिनेछ।
- ❖ बेलका नगरपालिकाको सबै वडाहरुबाट ३/३ वटा आयोजनाहरुको डि.पि.आर गरी आयोजना बैंकमा राख्ने व्यवस्था मिलाईने नीति अवलम्बन गरिनेछ, साथै प्राथमिकताको आधारमा डि.पि.आर भएका आयोजनाहरुलाई कार्यान्वयन गरिनेछ।

**ख. खानेपानी सरसफाई सम्बन्धि नीतिः**

- ❖ बेलका नगरको नारा "**एक घर एक धारा कार्यक्रम**" लागु गर्नका लागि नयाँ तथा पुराना खानेपानी योजनाहरू निर्माण सुधार तथा विस्तार गरिनेछ ।
- ❖ बेलकाका पहाडी भेगका वस्तीमा खानेपानीको अभावलाई मध्यनजर गरी लिफ्टिङ प्रविधि, आकाशे पानी सङ्कलन लगायतका प्रविधिबाट खानेपानी उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ ।
- ❖ बेलका नगरपालिकाको केन्द्र रामपुर बजार लगायत मुख्य बजारहरूमा ओभरहेड टंकी, डिप ट्युबबेल लगायतका प्रविधिबाट खानेपानीको वितरण व्यवस्थालाई व्यवस्थित गर्दै लगिनेछ ।
- ❖ हाल सञ्चालित खानेपानी योजनाहरूमा ट्रिटमेन्ट प्लान्टको व्यवस्था गरी स्वच्छ खानेपानीको व्यवस्था मिलाइनेछ ।
- ❖ दीर्घकालीन खानेपानी व्यवस्थापनका लागि विभिन्न सरकारी निकाय तथा गैर सरकारी संघ संस्थाहरूसँग पहल गरी नयाँ खानेपानी आयोजनाहरू सञ्चालन गरिनेछ ।
- ❖ पानधारे पम्पिङ खानेपानी आयोजना र ठोक्सिला खानेपानी आयोजनालाई निर्माण तथा सञ्चालन गर्न आवश्यक पहल गरिनेछ ।
- ❖ भूमिगत स्रोतबाट उपभोग गरिरहेको वडाहरूमा आर्सनिक परीक्षणको व्यवस्था मिलाई शुद्ध खानेपानी उपलब्ध गराइनेछ ।
- ❖ बेलका नगरका मुख्य बजार तथा हाटहरूको सरसफाई कार्यलाई निरन्तरता दिई सार्वजनिक स्थलहरूको सरसफाई गर्ने कार्यमा विभिन्न संघ संस्थाहरूसँग सहकार्य गरिनेछ ।

❖ घर तथा भान्साबाट उत्पन्न हुने फोहोरलाई व्यवस्थित गरी प्राङ्गरिक मल बनाई करेसाबारीमा प्रयोग गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ ।

- ❖ खानेपानी तथा सरसाफाई शाखा र इकाई गठन गर्न व्यवस्थापन सर्वेक्षण गरिनेछ ।

- ❖ आगामि आ.ब मा रामपुर खानेपानी आयोजना निर्माण कार्य सम्पन्न गरी खानेपानीलाई व्यबस्थित रुपमा वितरण कार्य गरिनेछ।
- ❖ विपद् (आगलागी,बाढी,पहिरो) बाट क्षति भएका खानेपानी पाईपहरुलाई व्यबस्थापन गर्नका लागी आवश्यकता अनुसार पाईप खरिद गरी बितरण गरिनेछ।
- ❖ बेलका नगरपालिकामा गठन भई सञ्चालनमा रहेका खानेपानी उपभोक्ता समितिहरुलाई नगरपालिकाको मातहतमा रहि सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।

### ग. योजना तथा कार्यक्रम ब्यबस्थापन सम्बन्धि नीतिः

- ❖ आयोजना बैंक तयार गरी योजना छनोट र बजेट विनियोजनका लागि राष्ट्रीय प्रथामिकता अनुरुप संचालन गरीनेछ ।
- ❖ योजना/आयोजनाहरुको छनोट प्रक्रियालाई सहभागितामूलक बनाई पारदर्शी रुपमा संचालन गरिनेछ ।
- ❖ जनताको जीवनसँग जोडिएका आयोजनाहरुलाई नगर गौरव आयोजनाको रुपमा अगाडी बढाईनेछ । आयोजना व्यवस्थापनको कार्यलाई समयमा नै व्यवस्था मिलाईनेछ ।
- ❖ नगरपालिकाबाट स्वीकृत भएका कार्यक्रम संचालन गर्दा सम्बन्धित विज्ञ संघ संस्थाहरुसँग समन्वय गरेर उत्पादन मुखी गुणस्तरीय रुपमा संचालनको स्पष्ट मापदण्ड बनाई लागू गरिनेछ।

## १.४ प्राकृतिक स्रोत साधनको उपभोग तथा संरक्षण

- ❖ अनियन्त्रित प्राकृतिक स्रोत साधनको दोहन रोक्ने नीति अवलम्बन गरी भावी पुस्ताको आवश्यकता सम्बोधनको नीति अवलम्बन गरिनेछ ।
- ❖ प्राकृतिक स्रोत साधनको उपभोगमा स्थानीय नागरिकको पहिलो हक स्थापित गरिनेछ ।
- ❖ प्राकृतिक स्रोत साधनको समुचित उपभोग गर्न प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कनलाई जोड दिइनेछ ।
- ❖ निजी स्वामित्वमा रहेका जग्गाहरूमा भएका नदीजन्य पदार्थहरूको उचित व्यवस्थापन गरी जमिनलाई खेतीयोग्य बनाउन आवश्यक प्रक्रिया अगाडि बढाइनेछ ।

## १.५ वन वातावरण तथा विपद् व्यबस्थापन सम्बन्धि नीतिः

- ❖ दिगो विकास लक्ष्यलाई हासिल गर्न प्रयत्न गरिनेछ ।जग्गा ब्यबस्थापन गर्दा वातावरण तथा प्राकृतिक श्रोत संरक्षण नियममा भएका ब्यबस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

- ❖ नगर भित्र प्लास्टिक जन्य सामाग्री प्रयोग गर्न निरुत्साहित गरिनेछ ।
- ❖ नगर स्तरिय विपद् व्यबस्थापन समिति तथा वडा स्तरिय विपद् ब्यबस्थापन समितिद्वारा हुने गतिबिधिहरुलाई प्रभावकारी रुपमा तथ्याङक संकलन, आवाधिकरण, सूचना तयारी, पूर्व तयारीका अभ्यास लगायतका कृयाकलापमा सहजिकरण गर्न कर्मचारी तथा नगर प्रहरी ब्यबस्थापन गरिनेछ ।
- ❖ विपद् व्यबस्थापनका लागि नगरपालिका क्षेत्र आवश्यकता अनुसार नदी कटान नियन्त्रण गर्न आवश्यक तारजालि, बोरा तथा बासको ब्यबस्थापन गरी तटबन्द गर्ने साथै पहल गरिनेछ ।
- ❖ सप्तकोशी नदी कटान रोक्न गाँउ बस्तिमा नदि पस्ने सम्भाबित क्षेत्रहरुमा संघीय सरकार, प्रदेश सरकारसंग लगायत साझेदार संघ सस्थासंग नदिको तटबन्द निर्माण गर्ने कार्यको आवश्यक पहल गरिनेछ ।सम्भाबित बाढी जन्य विपद् जोखिम न्यूनिकरणको लागि आपतकालिन आश्रय स्थलहरुको पहिचान गरि विपद् पूर्व तयारी गरिनेछ ।
- ❖ मौसम पूर्वानुमान सूचना प्रणाली जडान गरी नगरबासीलाई बर्षादबाट हुने क्षतिका लागि सूचना प्रबाह गरिनेछ ।
- ❖ बेलका नगरपालिका भित्र पर्ने मुख्य तथा जोखिमयुक्त खोलाहरुबाट हुने क्षति न्यूनिकरणको लागि प्राबिधिक अध्ययन गरी नदी नियन्त्रणका लागि तटबन्ध योजना बनाई क्रमागत रुपमा काम अगाडी बढाईनेछ ।
- ❖ विपद् पूर्व तयारी तथा प्रतिकार्यको लागि स्थानीय संघ संस्थाहरुसग समन्वय गरी कार्यक्रमहरु तय गरिनेछ ।
- ❖ नदि काटान नियन्त्रणका लागि नदि/खोला किनारहरुमा बास खेती लगाई बृक्षारोपण कार्य गरिनेछ।
- ❖ वेलका नगरपालिका पहाडी वडाहरुमा आपतकालीन सडक मर्मत संभार गरिनेछ ।
- ❖ स्थानीय श्रोत साधनलाई पहिचान गरी सामुदायिक वनसंग साझेदारीमा कार्यक्रम सञ्चालन गर्न आवश्यक कार्यक्रम खाका तयार गरी बिकासको कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ समुदाय स्तरमा विपद्सग सम्बन्धित जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।साथै विपद् प्रतिकार्यको लागि स्वयम सेवक परिचालनको ब्यबस्था मिलाईनेछ ।
- ❖ विपद् जन्य कार्यमा अग्रसर भएर खटिएको स्वयमसेवक सुरक्षा कर्मि लाई कार्यको आधारमा सम्मान गरिनेछ ।

- वृक्षरोपण तथा जलाधार संरक्षण अन्तर्गत खुल्ला क्षेत्रमा पोखरी निर्माण गरि जलाधार संरक्षण गरिनेछ ।
- विपद् जोखिम क्षेत्र पहिचान गरि नक्साङ्कन गरि विपद् पूर्व तयारी योजना बनाई विपद् कारी काम गरिनेछ ।
- आकाष्मिक सहायता कोष सञ्चालन कार्य निरन्तरता दिईनेछ ।
- नगरपालिका र वडा स्तरमा आवश्यक विपद् कोष तथा उद्धार सामाग्रीको व्यवस्थापन र नगरमा आपतकालिन खोज तथा उद्धार केन्द्र स्थापना गरि सञ्चालनमा ल्याइनेछ । ।
- जलवायु अनुकुलनका सचेतना कार्यक्रमहरु समुदाय स्तरमा गरिनेछ ।
- पूर्वाधार निर्माणलाई वातावरण मैत्री बनाईनेछ । खानेपानी, मुहान, दह, खोला, पोखरी, झर्नालाई प्रदुषण मुक्त बनाउन वातावरण स्वच्छता अभियान सञ्चालन गरिनेछ ।
- बर्षाको समयमा हुने बाढी, पहिरो, चटयाङ, तथा हिउदको समयमा हुने आगलागी तथा हावाहुरी जस्ता विपद् जन्य घटनालाई मध्यनजर राखेर बर्षा सुरु हुनु भन्दा अगाडी र हिउद लाग्नु अगाडी अनिबार्य रुपमा विपद् ब्यबस्थापनमा आवश्यक सामाग्रीको उचित व्यबस्थापन गरि आकास्मिक रुपमा आई पर्ने विपद्को समेत आकलन गरी पूर्व तयारीको कार्यक्रम सञ्चालन गरिनेछ ।
- आपतकालिन सञ्चालन केन्द्रलाई ब्यबस्थित गरि परिचालन गरिनेछ ।
- नदि किनार, सार्बजनिक स्थल तथा सडक किनारामा बृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ।
- नदि जन्य पदार्थ उत्खन्न र संकलनलाई व्यवस्थित गरि केही रकम उक्त उत्खनन् क्षेत्रमा विपद्कारी योजना सञ्चालनमा गरिनेछ ।
- पूर्वाधार तथा संरचना बिकास कार्यक्रमहरु सञ्चालन गर्दा विपद् जोखिम न्यूनिकरण अनिबार्य न्यूनतम बृक्षारोपण तथा वातावरण मैत्री बिकासको अवधारणालाई अवलम्बन गरिनेछ ।
- प्राक्रितिक श्रोत साधनको उपभोगमा स्थानीयको पहिलो हक स्थापित गरिनेछ ।
- नदिहरुबाट हुने नदि जन्य पदार्थको अबैद उत्खन्न, निकासी रोकी, अनियन्त्रित रुपमा हुने उत्तखन्न कार्यलाई नियमित अनुगमन गरी निरुत्साहन गर्न/गराउन जिल्ला प्रशासन जिल्ला समन्वय समिति, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, स्थानीय समुदाय, सरोकारवाला सम्पूर्णको समन्वय र सहकार्यमा प्राकृतिक सम्पदाको हुने गरेको दोहन रोकिनेछ ।
- सामुदायिक वनलाई प्रभावकारी बनाउन र बिकास साझेदारी संघ संस्थाहरुसंग जोड्न आवश्यक गृहकार्य गरिनेछ ।

- ❖ प्राक्रितिक श्रोतमा आश्रीत रहि विपन्न महिला, तथा संकटासन्न घरधुरी र समुदायका लागि अनुकूल क्षमता बढाउने बैकल्पिक आय आर्जनका उपायहरु पहिचान गरी प्रबर्द्धन गरिनेछ ।
- ❖ विपद् सम्बन्धि निति नियम ऐन कानून कार्यविधि निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- ❖ सुरक्षित आश्रय स्थल आकष्मिक उद्दार तथा उपचार सेवा जस्ता विपद् प्रतिकार्यको पूर्व तयारी गरि कार्यान्वयन गरिनेछ ।
- ❖ साझेदारी वनको अवधारणालाई अवलम्वन गरिनेछ।

## १.६ संस्थागत विकास, सेवा प्रबाह र सुशासनः

### क. संस्थागत विकास, सेवा प्रबाह र सुशासन सम्बन्धि नितिः

- ❖ जनताको लागि प्रदान गरिने दैनिक प्रशासनिक सेवालाई झन्झटमुक्त, छिटोछरितो, सर्वसुलभ, जनमुखी र पारदर्शी बनाई एकद्वार प्रणालीमा आबद्ध गरिनेछ ।
- ❖ सार्वजनिक प्रशासनलाई भ्रष्टाचारमुक्त बनाई शून्य सहनशिलताको नीति अवलम्बन गरिनेछ ।
- ❖ नगरपालिका मातहतका सबै वडा कार्यालयहरु तथा विषयगत शाखाहरुबाट छिटो छरितो र प्रभावकारी सेवा प्रवाह तथा सेवाको एकरुपताका लागि इन्धन व्यवस्थापन प्रणाली, जिन्सी व्यवस्थापन प्रणाली (PAMS), संचित कोष व्यवस्थापन प्रणाली (SUTRA), ई हाजिरी, राजश्व व्यवस्थापन प्रणाली, योजना व्यवस्थापन प्रणालीको प्रयोगलाई निरन्तरता दिइनेछ।
- ❖ नगरपालिका तथा वडा कार्यालयहरुमा गुनासो र सुझाव पेटिकाको व्यवस्था गरिनेछ ।
- ❖ जनताको गुनासोलाई सम्बोधन गर्न जनप्रतिनिधिको संयोजकत्वमा एक गुनासो सुनुवाई समिति गठन गरिनेछ ।
- ❖ सबै वडा कार्यालय तथा नगर कार्यपालिकाको कार्यालयमा नागरिक बडापत्रको अध्यावधिक गरिनेछ।
- ❖ सार्वजनिक सेवा प्रवाहमा सकारात्मक विभेदको नीति लिइनेछ ।
- ❖ जिन्सी व्यवस्थापन, लिलाम विक्री, मिन्हा र बेरुजु फछ्र्यौट गरी चुस्त- दुरुस्त बनाइनेछ।
- ❖ वडा कार्यालयहरुमा एकीकृत सेवा प्रवाह प्रणाली लागू गरिनेछ।
- ❖ कर्मचारी कल्याण कोषलाई निरन्तरता दिइनेछ।
- ❖ सेवाग्राही पृष्ठपोषण कार्यलाई निरन्तरता दिँदै सेवाग्राही सन्तुष्टी अभिवृद्धी तथा पारदर्शीतामा जोड दिइनेछ।
- ❖ असक्त अपाङ्ग वृद्ध वृद्धा तथा छ महिना माथिका गर्भवती तथा ४५ दिन भित्रका सुत्केरी महिलाहरुका लागि नागरिक सहायता कक्ष एकल द्वार सेवा प्रणाली अवलम्वन गरिनेछ।
- ❖ नगरपालिका तथा वडा कार्यालयको समेत चौमासिक सार्वजानीक सुनुवाई आयोजना गरिनेछ।
- ❖ सूचना पाटी तथा गुनासो पेटीकालाई व्यवस्थित तथा अद्यावधिक गरिनेछ।
- ❖ विकास निर्माण तथा प्रशासनमा हुने अनियमितता ,भ्रष्टचार र ढिलासुस्तीमा शुन्य सहनशिलताको नीति अवलम्वन गरिने छ। सो कार्यलाई प्रभावकारी वनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा नगरपालिकाको तर्फवाट सुझाव तथा गुनासो पेटिका राखिने छ ।

- जनप्रतिनिधी तथा कर्मचारीहरुलाई विभिन्न प्रकारका क्षमता अभिवृद्धि तथा पुनर्ताजगी तालिमहरु सञ्चालन गरिनेछ।
- नगरपालिकाको वेवसाइट तथा मोवाइल एप्सलाई नियमित रुपमा अद्यावधिक गरी थप प्रयोगकर्ता मैत्री बनाइनेछ।
- नगरपालिकाका सम्पूर्ण कार्यक्रमहरु सञ्चालन गर्नका लागि कार्यसन्चालन पात्रो तयार गरी लागू गरिनेछ।
- सडक तथा फुटपाथमा हुने अवेवस्थित पार्किङ्ग, निर्माण सामाग्री ,तथा व्यापार र पसलहरुको अनाधिकृत प्रयोगलाई दुरुत्साहित गर्दै उचित व्यवस्थापन गर्न उपयुक्त पार्किङ्ग स्थलहरुको खोजि गरिने छ ।
- नगरको योजना तथा कार्यक्रम व्यवस्थापनमा नगर कार्यालयको मानव संसाधन पर्याप्त नभएका संम्वन्धीत विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गरिने नीति अवलम्वन गरिने छ ।
- आम नागरिकसँग सरोकार राख्ने आधारभुत वस्तु सेवाको गुणस्तर कायम गर्न उपभोक्ताहरु समेतको संलग्नतामा वजार अनुगमनलाई प्रभावकारी ढंगवाट संचालन गरिने छ ।
- सुशासन, विकास, तटस्थता, र नागरिक संन्तुष्टी अभिवृद्धि गर्ने अधिकतम प्रयास गरिने छ ।
- बेलका नगरपालिकाको साझेदारी नीतिका आधारमा विभिन्न विकास साझेदारहरुसँग समन्वय गरिनेछ।
- कार्यालयको स्वीकृत दरबन्दी रिक्त नराखी प्रदेश लोक सेवा आयोगलाई कर्मचारी व्यवस्थापनका निमित्त पत्राचार गरी कर्मचारी व्यवस्थित गरीनेछ ।

## ख. कर्मचारी प्रशासन सम्बन्धि नीतिः

- नगरपालिकाको सेवा प्रवाह तथा कार्यवोझका आधारमा नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरुको संगठन तथा व्यवस्थापन सर्भेक्षण बमोजिम प्राप्त प्रतिवेदनका आधारमा दरवन्दी श्रृजना, व्यवस्थापन तथा सरोकार निकायमा दर्ता गरिनेछ।
- कर्मचारी प्रशासनलाई क्षमता विकासका तालिम तथा नविनतम प्रविधिको ज्ञान मार्फत प्रतिष्प्रर्धी र प्रभावकारी बनाइनेछ ।
- कार्यरत कर्मचारीहरुको बहुआयामिक क्षमता विकास गरी आवश्यकताको आधारमा कार्य सम्पादन गर्ने जिम्मेवारी दिइनेछ ।
- कर्मचारीलाई कार्य सम्पादनका आधारमा दण्ड र पुरस्कारको व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- Right man in Right place अनुरुप कार्यसम्पादनमा आर्जित ज्ञान, सीप, क्षमता र कार्य दक्षताको आधारमा सहि कर्मचारीलाई सहि स्थानमा जिम्मेवारी प्रदान गरी कार्यसम्पादनमा बढोत्तरी ल्याईनेछ।

## ग. सूचना प्रविधि तथा सञ्चार सम्बन्धि नीतिः

- सेवा प्रवाह र विकास निर्माण लगायतका कार्यमा सूचना प्रविधिको प्रयोगलाई निरन्तरता दिईनेछ ।
- नगरपालिकाबाट प्रवाह हुने सेवालाई प्रविधि मैत्री र सहज बनाउन प्रयास गरिनेछ ।

- ❖ नगरपालिका मातहतका सबै वडा कार्यालयहरु तथा विषयगत शाखाहरुबाट छिटो छरितो र प्रभावकारी सेवा प्रवाह तथा सेवाको एकरुपताका लागि विभिन्न सफ्टवेर जडान कार्यलाई निरन्तरता दिईनेछ।
- ❖ नगरपालिकाको वेवसाइट तथा मोवाइल एप्सलाई नियमित रुपमा अद्यावधिक गरी थप प्रयोगकर्ता मैत्री बनाइनेछ।
- ❖ बेलका नगरपालिकाको सम्पूर्ण अभिलेख विद्युतीय प्रणालीमा अध्यावधिक गरिनेछ ।
- ❖ विद्युतीय नागरिक वडापत्र लागू गरिनेछ।
- ❖ बेलका नगरपालिकाका गोपनीयता कायम गर्नुपर्ने बाहेक सम्पूर्ण सूचनाहरु नगरपालिकाको आधिकारिक वेव सइट मार्फत सम्प्रेषण गरिनेछ ।
- ❖ स्थानीय संचार माध्यमहरुलाई प्रवलिकरण गर्न विभिन्न प्रकारका कार्यक्रमहरु ल्याइनेछ ।
- ❖ स्थानीय रुपमा संचालित एफ.एम., रेडियो तथा संचार माध्यम, पत्र पत्रिकासँग समन्वय गरी चौमासिक, अर्धवार्षिक तथा वार्षिक प्रगति समिक्षाको डिजिटल मध्यमद्वारा प्रशारण तथा प्रकाशन हुने प्रवन्ध मिलाईनेछ ।
- ❖ बेलका नगरपालिका लगायत सरकारी तथा गैर सरकारी कार्यालयबाट प्रकाशन हुने सूचना तथा विज्ञापनको हकमा स्थानीय पत्र पत्रिकालाई प्राथमिकता दिइनेछ ।
- ❖ बेलका नगरको सूचना प्रणालीलाई व्यवस्थित र चुस्त दुरुस्त बनाइनेछ ।
- ❖ बेलकाको सबै भूभागमा मोबाइल तथा इन्टरनेट सेवा पहुँचको लागि टेलिफोन टावर तथा क्षमता विस्तार थप गरिनेछ ।
- ❖ स्थानीय पत्रपत्रिका, एफ.एम तथा अनलाइन पत्र पत्रिकालाई प्रवर्द्धन तथा विकास गर्न आवश्यक सहयोग उपलब्ध गराइनेछ ।
- ❖ नगरका गतिविधिहरू समेटेर नगर बुलेटिन प्रकाशनको व्यवस्था मिलाइनेछ ।

१.७. **राजश्व परिचालन तथा दिगो वित्त ब्यबस्थापन सम्बन्धि नीतिः**

- ❖ नगरको दिगो वित्त व्यवस्थापनको लागि नगरको राजश्व सुधार कार्ययोजनाले निर्दिष्ट गरे अनुरुप आन्तरिक आयमा वृद्धि गरिनेछ । करको दायरा वृद्धि गरिनेछ । राजस्व सुधार कार्ययोजनामा उल्लेख भए वमोजिमका सम्पति कर,व्यवसाय कर र घरबहाल करको आन्तरिक आयमा योगदान बढाउदै लगिनेछ । आन्तरिक आयमा यी करहरुको योगदान आगामी ५ वर्षमा ९० प्रतिशत पुर्याईनेछ।
- ❖ कर संस्कृतिको विकासका लागि दण्ड र पुरस्कारले उचित व्यवस्थापन गरिनेछ ।
- ❖ अनुदान प्रणालीलाई कमश न्यूनीकरण गर्दै प्रोत्साहन प्रणालीलाई वढोत्तरी गरिनेछ ।

- ❖ नगरपालिकाले संविधान तथा कानून बमोजिम असुल गर्ने राजच (कर तथा गैर कर) प्रशासनलाई न्यायोचित, पारदर्शी र वैज्ञानिक वनाउन आवश्यक प्रबन्ध मिलाइनेछ ।
- ❖ बजार अनुगमन, कर तथा गैर कर राजधको बारेमा सचेतीकरण र अनुगमन कार्यक्रम तिव्रताका साथ गर्ने प्रवन्ध मिलाईनेछ ।
- ❖ ऐलानी जग्गामा निर्माण भएका घरहरुको लगत खडा गरी अध्यावधिक गर्न र सो अभिलेखीकरण कार्यका लागि आवश्यक सेवा दस्तुर कायम गर्ने ।
- ❖ आर्थिक तथा प्रशासनिक सुशासन कायम गर्नका लागि पेश्की र वेरुजु लगत अध्यावधिक गरी अशुल उपर तथा फछ्यौट गर्ने कार्य अगाडी बढाइनेछ साथै नियमानुसार भन्दा बाहेक कुनै पनि तहबाट बजेट अबंडामा राखे श्रोत्तान्तर एवं रकमान्तर गरिनेछैन ।
- ❖ यथार्थपरक आम्दानि अनुमान गरी घाटा बजेटलाई निरुत्साहित गर्दै लगिनेछ ।
- ❖ कर तिर्नु सबै नागरिकको कर्तव्य हो भन्ने नारालाई पूरा गर्न करको दायरामा पर्ने व्यक्ति तथा व्यवसायीहरुलाई करको दायरामा ल्याई समयमानै कर तिर्न प्रोत्साहित गरिनेछ ।

## १.८. न्याय, कानून तथा मानव अधिकार सम्बन्धी नीति

- ❖ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भएका न्यायिक समितिको अधिकार क्षेत्रभित्रका विवादहरूको निरुपण, मेलमिलाप गर्न आवश्यक नीति तथा कानूनहरूको निर्माण र परिमार्जन तथा संशोधन गर्दै कार्यान्वयन गरिनेछ ।
- ❖ न्यायिक समितिको क्षमता विकासका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ हालसम्म निर्माण भएका कानूनी दस्तावेजलाई सङ्ग्रहित गरी स्थानीय कानून सङ्ग्रह (राजपत्र) प्रकाशन गरिनेछ ।
- ❖ वडा तथा पालिका स्तरीय मेलमिलाप केन्द्रको ब्यबस्थापन गरी मेलमिलाप कर्ताको क्षमता बिकास गरिनेछ।
- ❖ मेलमिलाप कर्ताहरुको बार्षिक अध्यावधिक तथा सूचिकृत गरिनेछ ।
- ❖ न्यायिक समिति तथा मेलमिलाप केन्द्रहरुको असल अभ्यास आदान प्रधानको लागि अन्तर जिल्ला /अन्तर पालिका अध्ययन अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ ।

| आ.व. २०८२/८३ को संक्षिप्त आयव्ययको विवरण | | आय तर्फ | व्यय तर्फ |
|---|---|---|---|
| | | रकम | रकम |
| सि.नं. | श्रोत | २२२९२००० | २२२९२००० |
| १ | प्रदेश सशर्त अनुदान | | |
| २ | संघिय सशर्त अनुदान | ३६८१००००० | ३६८१००००० |
| ३ | प्रदेश समानिकरण | १२४०८००० | १२४०८००० |
| ४ | संघिय समानिकरण | १४०२००००० | १४०२००००० |
| ५ | प्रदेश राजश्व बाँडफाँड | १०२४१००० | १०२४१००० |
| ६ | संघिय राजश्व बाँडफाँड | १५७१००००० | १५७१००००० |
| ७ | स्थानिय राजश्व (दहत्तरबहत्तर/घरजग्गा रजिष्ट्रेशन) | १५०००००० | १५०००००० |
| ८ | आन्तरिक श्रोत | १२०००००० | १२०००००० |
| ९ | सडकवोर्ड | ४५००००० | ४५००००० |
| १० | मनोसामाजिक साझेदारी | ८००००० | ८००००० |
| | जम्मा | ७४२६४१००० | ७४२६४१००० |
| | नगर अस्पताल | ३००००००० | ३००००००० |
| | कुल जम्मा | ७७२६४१००० | ७७२६४१००० |